annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ८८ पृष्ठ ८ | काठमाडौं, शनिबार १० साउन २०८२ | श्रावण कृष्णपक्ष औंशी नेपाल संवत् ११४५ | SATURDAY, JULY 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी



महोत्तरीको गौशाला नगरपालिका–११ भरतपुरस्थित खेलमैदानमा नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीकी उपकप्तान पूजा महतो क्रिकेट खेलाडीलाई प्रशिक्षण दिँदै। ● राजकरण महतो

# पूजाको प्रेरणाले गाउँमा जन्मिँदै महिला क्रिकेट टिम

पूजा महतोको चर्चा हुँदैनथ्यो त, उनीहरूका हातमा कँचिया (हँसिया) र टाउकोमा छिट्टी (ढाकी) हुन्थे। घाँसदाउरा गर्नमै समय बित्थ्यो। जब गाउँकी दिदी पूजा महतो (राष्ट्रिय क्रिकेटकी उपकप्तान) को चर्चा र सम्मान भयो, उनीहरू पनि पूजा बन्ने सपना बुन्न थाले। बुवाआमाले पनि ब्याट र बल दिएर जंगल होइन, मैदानमा पठाउन थाले। अनि, महोत्तरीको गौशाला (भरतपुर) का २९ जना छात्राहरू पूजा बन्ने सपनामा दिनरात मैदानमा संघर्ष गरिरहेका छन्। गाउँमै अन्तर्राष्ट्रियस्तरको क्रिकेट टिम बनाउने उद्देश्यसाथ पूजाले पनि प्रशिक्षण दिइरहेकी छन्। त्यसैकारण भरतपुरको सपना छ- गाउँमै अन्तर्राष्ट्रियस्तरको छात्रा क्रिकेट टिम बनाउने।

**राजकरण महतो** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## भित्री पृष्ठ



इलाको इहलीला - पृष्ठ ३



अपराधको साइबर संसार - पृष्ठ ४



यो देश, त्यो महादेश - पृष्ठ ५



वीरगन्ज नाकाबाट २२७ प्रतिशतले बढ्यो निर्यात - पृष्ठ ७

# कांग्रेस मुख्यमन्त्रीविरुद्ध पार्टीकै सांसदको अविश्वास प्रस्ताव

**कृष्ण सारु मगर/सरोज पौडेल** | *हेटौंडा*

सत्तासीन कांग्रेसभित्रको आन्तरिक किचलोले बागमती प्रदेश सरकार संकटमा परेको छ। मुख्यमन्त्री बहादुरसिं लामालाई दल नेता र मुख्यमन्त्रीबाट हटाउन कांग्रेसकै सांसदले अविश्वासको प्रस्ताव दर्ता गरेका छन्। चार मन्त्रीले राजीनामा दिएका छन्।

मुख्यमन्त्री लामालाई संसदीय दलको नेताबाट हटाउन पार्टीका असन्तुष्ट प्रदेशसभा सदस्यहरूले शुक्रबार अविश्वासको प्रस्ताव संसदीय दलमा पेस गरेका छन्। लामा मुख्यमन्त्री भएको एक वर्ष पुगेलगत्तै २१ सांसदको हस्ताक्षरसहित संसदीय दलमा उनीविरुद्ध अविश्वास प्रस्ताव दर्ता भएको हो। अविश्वास प्रस्ताव दर्ता गराउनुअघि चार जना मन्त्रीले राजीनामा दिए। राजीनामा दिनेमा युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, संस्कृति तथा पर्यटनमन्त्री विमल ठकुरी र सहकारी तथा गरिबी निवारणमन्त्री मदुकुमार श्रेष्ठ छन्।



**बागमती प्रदेश संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गराउँदै असन्तुष्ट कांग्रेस सांसदहरू।** ● अन्नपूर्ण

उनीहरूले मुख्यमन्त्री लामालाई ह्वाटसपमार्फत राजीनामापत्र बुझाएका हुन्।

राजीनामा दिएका मन्त्रीहरूसहित लामासँग असन्तुष्ट प्रदेशसभा सदस्यहरूले संसदीय दलका सचिव कृष्णकुमार तामाङलाई हस्ताक्षरसहितको अविश्वास प्रस्ताव बुझाएका हुन्। कांग्रेस बागमती प्रदेश समिति सभापति इन्द्रबहादुर बानियाँले दल नेताबाट प्रजातान्त्रिक मूल्य, मान्यता र कांग्रेसको भावनाअनुसारका काम नभएकाले अविश्वासको प्रस्ताव ल्याउनुपरेको पत्रकार सम्मेलनमा बताए। 'प्रदेशको हितमा प्रभावकारी काम हुन सकेन, त्यसैले दल नेता परिवर्तनको प्रक्रिया अघि बढाइएको हो', उनले भने, 'हामीलाई दलका नेता बहादुरसिं लामामाथि अविश्वास पैदा भएकाले अविश्वासको प्रस्ताव दर्ता गरेका हौं।' दल नेता परिवर्तनपछि मुख्यमन्त्री परिवर्ततको प्रक्रियामा अघि बढ्ने बानियाँले बताए। 'एमालेसँग मिलेर बनेको सरकारबाट नेतृत्वले प्रभावकारी ढंगले काम गर्न नसकेको संसदीय दलका अधिकांश सदस्यहरूको ठहर भयो। त्यसैले उहाँमाथि अविश्वास पैदा भएको हो', उनले भने।

नेपाली कांग्रेस बागमती प्रदेश संसदस्य दलमा ३७ सांसद रहेकामा दल नेता परिवर्तनका लागि १९ जना सदस्य चाहिन्छ। यसअघि संसदीय दल नेतामा लामासँग पराजित प्रदेश पार्टी सभापति तथा प्रदेशसभा सदस्य बानियाँलाई नयाँ दल नेताको रूपमा अघि सारिएको छ। अविश्वास प्रस्तावमा दल नेताबाट लामालाई हटाएर बानियाँलाई बनाउन प्रस्ताव गरिएको छ।

» बाँकी पृष्ठ ६

## कात्तिक दोस्रो साता उपनिर्वाचन गर्ने तयारी

**काठमाडौं** (अन्नपूर्ण) : निर्वाचन आयोगले कात्तिकको दोस्रो साता प्रतिनिधिसभा उपनिर्वाचनको प्रस्ताव गरेको छ। आयोगका पदाधिकारीले शुक्रबार प्रधानमन्त्री केपी ओलीसँग भेट गर्दै प्रतिनिधिसभा, प्रदेशसभाका रिक्त स्थान र राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १८ स्थानसहित स्थानीय तहका रिक्त स्थानमा उपनिर्वाचनबारे परामर्श गरेको छ।

प्रधानमन्त्री ओलीलाई आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तहरूले भेटेर आगामी कात्तिकको दोस्रो साता प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचन गर्न र राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १८ स्थानका लागि निर्वाचन तय गर्ने विषयमा छलफल गरेको हो। प्रतिनिधिसभाका सदस्यको रूपन्देही क्षेत्र नं. ३ र गण्डकी प्रदेशसभाको मनाङ क्षेत्र नं. १ (२) को रिक्त सदस्यका लागि कात्तिकको दोस्रो साता निर्वाचन गर्ने गरी नेपाल सरकारको परामर्शमा यही असार १६ गतेभित्र आयोगले मिति तोक्ने तयारी गरेको छ।

» बाँकी पृष्ठ ६

# प्रधानमन्त्रीले गरे मधेसको भ्रमण, पानीको समस्या दीर्घकालीन समाधान गरिने

**क्रान्ति शाह** | *वीरगन्ज*
**धनवीर महतो** | *महोत्तरी*

प्रधानमन्त्री केपी शर्मा ओलीले सुक्खाग्रस्त मधेसमा पानीको समस्या दीर्घकालीन रूपमा समाधान गर्न सरकार जुटिसकेको बताएका छन्। शुक्रबार बाराको परवानीपुर गाउँपालिका कार्यालयको नवनिर्मित प्रशासनिक भवनको समुद्घाटन गर्दै प्रधानमन्त्री ओलीले मधेस प्रदेशलाई सरकारले विपद् संकटग्रस्त घोषणा गरेर यहाँ उत्पन्न पानीको समस्या दीर्घकालीन समाधानका लागि काम थालिसकेको बताए।

उनले भने, 'मधेसमा अहिले सुक्खाले समस्या बढाएको छ। त्यसकारण मधेसलाई संकटग्रस्त घोषणा गरिसकेका छौं। यसको दीर्घकालीन समाधानका लागि चुरेको संरक्षणमा लाग्नुपर्छ। यदि, चुरेको संरक्षणमा अहिल्यैदेखि लागिएन र चुरे क्षेत्रमा ठूल्ठुला तालतैलाया बनाइएन भने आगामी दिनमा मधेसमा सुक्खा हुने संकट अझ बढ्ने जोखिम छ।'

उनले मधेस प्रदेशका १ लाख ८५ हजार बिघा खेतीयोग्य जग्गा सिँचाइका लागि सुनकोशी मरिन डाइभर्सन सिँचाइ परियोजनाको काम तीव्र गतिमा अगाडि बढिरहेको सुनाए। उनले देशमा केही पनि



**मजारमा फूल अर्पण गरेर च्यादर चढाउँदै प्रधानमन्त्री केपी शर्मा ओली।** ● धनवीर महतो

भएन भन्ने होइन, धेरै कामहरू भएको दाबी पनि गरे। तर, भनेजति भने अझै हुन नसकेको भन्दै त्यसतर्फ सरकार लागिपरेको उनले बताए। आज देश चौतर्फी रूपमा अगाडि बढिरहेको बताउँदै उनले भने, 'भौतिक पूर्वाधार, सडक, शिक्षा, स्वास्थ्य, कृषिलगायत चौतर्फी क्षेत्रमा देश अगाडि बढिरहेको छ। देशको विकासको गतिलाई अझ तीव्रताका साथ अगाडि बढाउने नीति सरकारले लिएको छ।' उनले थप १०/१५ वटा स्मार्ट सिटी निर्माण गरिने बताए। कृषिको आधुनिकीकरण भइरहेको भन्दै उनले किसानको आम्दानी चार गुणाले बढेको जिकिर पनि गरे।

देशको राजनीतिलाई अस्थिर पारेर सरकारलाई काम गर्न नदिने प्रवृत्तिहरू देखा परेकामा ती प्रवृत्तिहरूको सामना गर्दै सरकार अगाडि बढिरहेको प्रधानमन्त्री ओलीले बताए। एमाले र कांग्रेसले ७ बुँदे सम्झौता गरेर बनेको संयुक्त सरकारले अस्थिरताको अन्त्य गर्दै देशमा स्थायित्व कायम गरेर देशलाई विकासको बाटोमा अगाडि बढाएको उनले बताए।

परवानीपुर गाउँपालिकाका अध्यक्ष राम क्षत्री पटेलको अध्यक्षतामा भएको कार्यक्रममा भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दहाल, श्रम तथा यातायातमन्त्री शरदसिंह भण्डारी, लोसपाका अध्यक्ष महन्थ ठाकुर, मधेस प्रदेश अध्यक्ष जितेन्द्र सोनल, सांसदहरू ज्वला साह, किसान श्रेष्ठ, प्रभु हजरालगायतको पनि उपस्थिति थियो। कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै परवानीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियारले ३ करोड २५ लाख ९१ हजार रुपैयाँको लागतमा गाउँपालिकाको प्रशासनिक भवनको निर्माण गरिएको बताए।

### महोत्तरीमा रातु खोला पुल उद्घाटन

सरकारले मधेसलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको केही दिन नबित्दै प्रधानमन्त्रीसहितको टोलीले मधेसको भ्रमण गरेका छन्। नवनिर्मित विभिन्न संरचनाको उद्घाटन गर्न शुक्रबार महोत्तरी आएका प्रधानमन्त्री केपी शर्मा ओलीले मधेसको भूमिलाई नजिकैबाट नियालेका हुन्।

मटिहानीमा नवनिर्मित प्रसूतिगृह र बिग्ही नदीमा निर्मित पुल तथा बलवा नगरपालिका रौजास्थित रातु नदीमा नवनिर्मित पुलको प्रधानमन्त्रीले उद्घाटन गरेका हुन्। उनले भने, 'मैले मधेसका अधिकांश जिल्लाको प्रत्यक्ष रूपमा अवलोकन गर्न पाएको छु। यस प्रदेशको सप्तरीबाहेक अन्य सात जिल्लाको जनजीवन सुक्खाका कारण प्रभावित छन्। पिउने पानीको अभाव हुनुको साथै खेतमा सिँचाइको अभाव हुँदा रोपाइँ हुन सकेको छैन। किसानहरू चिन्तित छन्। यहाँको पोखरीमा पानीको सतह निकै नै घटेको छ।'

यस विपद्को घडीमा नेपाल सरकारले नागरिकलाई बचाउन हरसम्भव तयारी गरिरहेको प्रधानमन्त्रीले बताए। उनले भने, 'आत्तिनुहुँदैन। खोनपानी र सिँचाइको समस्या अनावृष्टिको कारण भएको हो।

» बाँकी पृष्ठ ६